# गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण (दोस्रो संशोधन) निर्देशिका, २०७१

नेपाल सरकारले गरिबीको रेखामुनि रहेको जनसंख्यालाई केन्द्रित गरी लक्षित कार्यक्रमहरू संचालन गर्ने प्रयोजनको लागि घरपरिवारको पहिचान गरी परिचयपत्र वितरण गर्ने आवश्यक व्यवस्था गर्न सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशिका जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण (दोस्रो संशोधन) निर्देशिका, २०७१" रहेको छ । *

(२) यो निर्देशिका नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) 'गरिब' भन्नाले गरिबी निवारण कोष ऐन, २०६३ को दफा २ (ग) मा परिभाषित गरिब सम्झनुपर्छ ।

(ख) 'बोर्ड' भन्नाले दफा ३ बमोजिम गठित गरिब घरपरिवार सहयोग समन्वय बोर्ड सम्झनुपर्छ ।

(ग) 'सचिवालय' भन्नाले दफा ६ बमोजिम स्थापित बोर्डको सचिवालय सम्झनुपर्छ ।

(घ) 'परिचयपत्र' भन्नाले दफा ९ बमोजिम वितरण हुने गरिब घरपरिवार पहिचान र परिचयपत्र सम्झनुपर्छ ।

(ङ) 'अध्यक्ष' भन्नाले बोर्डको अध्यक्ष सम्झनुपर्छ ।

(च) 'संयोजक' भन्नाले सचिवालयको संयोजक सम्झनुपर्छ ।

(छ) 'सदस्य' भन्नाले बोर्डका सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ ।

३. समन्वय बोर्डको स्थापना : (१) गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यस्थापन तथा वितरण गर्ने कार्यमा नीतिगत निर्णय, निर्देशन, अनुगमन, संयोजन तथा समन्वय गर्न एक समन्वय बोर्ड रहनेछ ।

(२) उपदफा (१) बमोजिम बोर्डमा देहायबमोजिमका सदस्यहरू रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | मन्त्री/राज्यमन्त्री, सहकारी तथा गरिबी निवारण मन्त्रालय | अध्यक्ष |
| (क१) | नेपाल सरकारको निर्णयानुसार नियुक्त हुने व्यक्ति * | कार्यकारी उपाध्यक्ष |
| (ख) | सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | सदस्य |
| (ग) | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (घ) | सचिव, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, गृह मन्त्रालय | सदस्य |
| (च) | सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| (छ) | सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| (ज) | सचिव, सहरी विकास मन्त्रालय | सदस्य |
| (झ) | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| (ञ) | महानिर्देशक, केन्द्रीय तथ्याङ्क विभाग | सदस्य |
| (ट) | संयोजक, बोर्डको सचिवालय | सदस्य |
| (ठ) | कार्यकारी निर्देशक, गरिबी निवारण कोष | सदस्य |
| (ड) | सहसचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य सचिव |

(ड१) शैक्षिक योग्यता र कार्य अनुभव : (१) कार्यकारी उपाध्यक्षको लागि न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर हुनुपर्नेछ । साथै सरकारी तथा गैरसरकारी क्षेत्रमा कम्तिमा ७ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ । *

(३) नेपाल सरकारले उपदफा (२) बमोजिमका सदस्यहरूमा आवश्यकताअनुसार थपघट तथा हेरफेर गर्न सक्नेछ ।

४. बोर्डको बैठक र निर्णयसम्बन्धी व्यवस्था : (१) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) उपदफा (१) बमोजिमको बैठकको कार्यसूची बैठक बस्नुभन्दा कम्तिमा चौबिस घण्टाअगावै सदस्य सचिवले सबै सदस्यहरूलाई जानकारी गराउनु पर्नेछ ।

(३) बोर्डको बैठकको लागि पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) बोर्डको निर्णय बैठकमा उपस्थित सदस्यहरूको बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) बोर्डको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूमध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

(६) बोर्डको बैठकमा आवश्यकताअनुसार नेपाल सरकारका पदाधिकारी वा अन्य विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) बोर्डको निर्णय बोर्डका सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) बोर्डको बैठकसम्बन्धी अन्य व्यवस्था बोर्डले निर्धारण गरेबमोजिम हुनेछ ।

५. बोर्डको काम, कर्तव्य र अधिकार : बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विभिन्न मन्त्रालयहरू एवं गैरसरकारी संस्थाहरूमार्फत् सञ्चालन हुने गरिब लक्षित कार्यक्रमहरूको समन्वय, नीति निर्देशन, मार्गदर्शन, नियमन, सुपरिवेक्षण लगायतका कार्य गर्ने,

(ख) गरिब घरपरिवारको पहिचान गर्ने उपयुक्त विधि, आधार र मापदण्ड स्वीकृत गर्ने,

(ग) गरिब घरपरिवार पहिचान र परिचयपत्रको वर्गीकरण र ढाँचा स्वीकृत गर्ने,

(घ) गरिब घरपरिवार पहिचान र परिचयपत्र वितरणसम्बन्धी कार्यक्रम लागु हुने जिल्लाहरूको छनौट गर्ने,

(ङ) गरिब घरपरिवार पहिचान र परिचयपत्र प्राप्त गर्ने घरपरिवारले पाउने सेवा, सुविधाका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,

(च) बोर्डको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(छ) झुटो विवरण दिई परिचयपत्र प्राप्त गर्ने, त्यस्तो सेवा सुविधा दुरुपयोग गर्ने र सो कार्यमा सहयोग पुर्‍याउनेउपर गर्नुपर्ने कानुनी कारबाहीका लागि नेपाल सरकारसमक्ष पठाउने,

(ज) गरिब घरपरिवार पहिचान र परिचयपत्र वितरण कार्यको समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(झ) बोर्डले नेपाल सरकार वा अन्य निकायबाट कर्मचारी काजमा ल्याई काम लगाउन सक्ने ।

६. बोर्ड सचिवालयको स्थापना : (१) बोर्डको दैनिक प्रशासन संचालन गर्न बोर्डको सचिवालय रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सचिवालय सहकारी तथा गरिबी निवारण मन्त्रालयमा रहनेछ ।

(३) उपदफा (१) बमोजिमको सचिवालयको प्रमुख/संयोजक दफा ३ को समन्वय बोर्डको कार्यकारी उपाध्यक्ष हुनेछ ।

(४) उपदफा (३) बमोजिमको संयोजकले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही कामकाज गर्नुपर्नेछ ।

७. सचिवालयको कर्मचारीसम्बन्धी व्यवस्था : (१) सचिवालयमा बोर्डले तोकेबमोजिम आवश्यक संख्यामा कर्मचारीहरू रहनेछन् ।

(२) बोर्डले सचिवालयका लागि आवश्यक कर्मचारीहरू नेपाल सरकार तथा सार्वजनिक निकायहरूबाट काजमा ल्याउन नेपाल सरकारसमक्ष अनुरोध गर्न सक्नेछ ।

(३) ........................................................................................ हटाइएको ।

८. सचिवालयको काम, कर्तव्य र अधिकार : सचिवालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) गरिब घरपरिवार पहिचान गर्ने उपयुक्त विधि र मापदण्ड बोर्डसमक्ष सिफारिस गर्ने,

(ख) गरिब घरपरिवार पहिचान गरी परिचयपत्र वितरण गर्ने कार्यक्रम चरणबद्ध रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ग) गरिब लक्षित कार्यक्रमको अभिलेख अद्यावधिक गर्ने,

(घ) गरिब घरपरिवार पहिचान र परिचयपत्र वितरण कार्यविधिको मस्यौदा तयार गरी स्वीकृतिका लागि बोर्डसमक्ष पेश गर्ने,

(ङ) स्थानीय निकायलगायत अन्य सम्बद्ध संस्थाहरूसँग समन्वय गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्ने व्यवस्था मिलाउने,

(च) परिचयपत्र प्राप्त गर्ने घरपरिवार तथा त्यस्तो परिवारले प्राप्त गर्ने सेवा, सुविधाहरूको अभिलेख अद्यावधिक गरी राख्ने,

(छ) विभिन्न मन्त्रालयहरू एवं अन्य गैरसरकारी संस्थाहरूमार्फत् सञ्चालन सुने गरिब लक्षित कार्यक्रमहरूको समन्वय गर्न सहयोग गर्ने,

(ज) जिल्लागत गरिबी तथ्याङ्क (डाटाबेस) तयार गर्ने,

(झ) गरिब घरपरिवार पहिचान र परिचयपत्र वितरणलगायत कार्यको सन्दर्भमा गरिने सर्वेक्षण, तथ्याङ्क प्रविष्टि, तथ्याङ्क प्रशोधन आदि कार्यहरूका लागि केन्द्रीय तथ्याङ्क विभाग तथा शाखा कार्यालयहरूको सहयोग माग गर्ने,

(ञ) परिचयपत्र वितरण कार्यक्रम सञ्चालनको लागि आवश्यक बैठक, तालिम, गोष्ठी, छलफल, भ्रमण लगायत कार्यक्रमहरूको व्यवस्थापन गर्ने,

(ट) बोर्डका निर्णयहरूको अभिलेख राख्ने, तथा बोर्डको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ठ) बोर्डले समय समयमा तोकेबमोजिमको कार्य गर्ने ।

९. परिचयपत्र वितरण : (१) गरिब घरपरिवार पहिचान र परिचयपत्र वितरण नेपालभर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र वितरण गर्दा बोर्डले तोकेबमोजिम चरणबद्ध रूपमा गरिनेछ ।

१०. सेवा सुविधा : (१) दफा ९ बमोजिम परिचयपत्र प्राप्त नेपाली नागरिकले नेपाल सरकारले तोकेबमोजिमका सेवा सुविधा पाउनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिचयपत्र पाएकै आधारमा मात्र नागरिकताको दाबी गर्न पाइने छैन ।

११. जिल्ला समन्वय समिति : (१) प्रत्येक जिल्लामा परिचयपत्र व्यवस्थापन तथा वितरण गर्नका लागि जिल्ला विकास समितिका सभापतिको संयोजकत्वमा बोर्डले निर्णय गरेअनुरूपका सदस्य तथा कार्यक्षेत्र हुने गरी एक जिल्ला समन्वय समिति रहनेछ ।

(२) बोर्डले दिएको निर्देशन एवं स्वीकृत कार्यविधिअनुरूप जिल्लास्तरमा जिल्ला समन्वय समितिले परिचयपत्र व्यवस्थापन तथा वितरण कार्य गर्नेछ ।

(३) जिल्ला समन्वय समितिको सचिवालय जिल्ला विकास समितिको कार्यालयमा हुनेछ ।

(४) स्थानीय विकास अधिकारीले यस निर्देशिकाबमोजिमको गरिब घरपरिवार पहिचान र परिचयपत्र जारी गर्नेछ ।

(५) जिल्ला समन्वय समितिले जिल्लास्तरमा नेपाल सरकारका वा अन्य निकायका कर्मचारी काजमा ल्याई काममा लगाउन सक्नेछ ।

१२. सूचना प्रविधिको प्रयोग गरिने : (१) परिचयपत्रसम्बन्धी तथ्याङ्कलाई पारदर्शी बनाउन र व्यवस्थापन गर्न आधुनिक प्रविधियुक्त सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणालीको प्रयोग गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रणालीलाई क्रमशः नेपाल सरकारका अन्य सूचना प्रणालीसँग आबद्ध गरिनेछ ।

१३. गुनासो सुनुवाइ : जिल्लास्तरीय परिचयपत्र व्यवस्थापन तथा वितरण कार्यको अनुगमन तथा गुनासो सुनुवाइको कार्य प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बोर्डले गठन गरेको समितिले गर्नेछ ।

१४. अनुगमन तथा मूल्याङ्कन : (१) परिचयपत्र वितरण कार्यको नेपाल सरकारले नियमित अनुगमन गर्नेछ ।

(२) यो निर्देशिका प्रारम्भ भएको प्रत्येक २ वर्षमा परिचयपत्र वितरण कार्यको बोर्डले छनौट गरेको स्वतन्त्र विज्ञहरूको समूहबाट मूल्याङ्कन गरिनेछ ।

१५. लेखापरीक्षण : बोर्डको लेखापरीक्षण महालेखापरीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

१६. नेपाल सरकारले निर्देशन दिने : (१) नेपाल सरकारले बोर्डलाई परिचयपत्र व्यवस्थापन तथा वितरण सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

१७. नेपाल सरकारसँग सम्पर्क : बोर्डले नेपाल सरकारसँग सम्पर्क गर्दा सहकारी तथा गरिबी निवारण मन्त्रालयमार्फत् गर्नुपर्नेछ ।

तर बोर्डको दैनिक कार्य सञ्चालन गर्दा बोर्डले नेपाल सरकारका अन्य निकायसँग सीधै सम्पर्क गर्न सक्नेछ ।

१८. प्रतिवेदन : (१) बोर्डले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र वार्षिक प्रतिवेदन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमक्ष पेश गर्नेछ ।

(२) यसरी उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन सार्वजनिक गरिनेछ ।

१९. बाधा अड्काउ फुकाउने : यो निर्देशिका कार्यान्वयन गर्न बाधा अड्काउ उत्पन्न भएमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२०. बोर्डलाई सहयोग गर्नुपर्ने : परिचयपत्र व्यवस्थापन र वितरण गर्ने कार्यको लागि नेपाल सरकारका सबै निकायहरूले बोर्डलाई आवश्यक सहयोग उपलब्ध गरानउनु पर्नेछ ।

२१. आचारसंहिता : बोर्डका सदस्यहरूको आचारसंहिता बोर्डले निर्धारण गरेबमोजिम हुनेछ ।

२२. अधिकार प्रत्यायोजन : बोर्डले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार सबै वा केही अधिकार अध्यक्ष वा सदस्य वा सचिवालयका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. कार्यविधि बनाउन सक्ने : यो निर्देशिकाको कार्यान्वयन गर्नका लागि बोर्डले आवश्यक कार्यविधि बनाउन सक्नेछ ।